# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्या : ९ मंसीर ३०, २०७६

## भाग-२

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयको

### सूचना

## भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा संचालन कार्यविधि, २०७६

संवत् २०७६ सालको कार्यविधि नं ९

प्रस्तावनाः नेपाल भौगोलिक रुपमा विकट पहाडी मुलुक भएको र कृषि प्रधान मुलुक भएको परिपक्षमा (जहाँ ६५.७% जनता कृषिमा आश्रित छन) माटोको उर्वराशक्ति कायम गरी दिगो कृषि विकास गरी खाद्यान्नमा आत्मनिर्भर गर्ने कार्य चुनौतीपुर्ण रहेको छ। यस चुनौतीको सामना गर्न

विरुवालाई आवश्यक खाद्यतत्व प्रयाप्त मात्रामा पुर्ति गर्न प्राङ्गारिक र रासायनिक श्रोत भएको र वर्षेणी कृषकहरु रासायनिक मल समयमा उपलव्ध नहुनु,त्यसमा पनि पहाडी जिल्लाहरुमा रासायनिक मल ढुवानीमा समस्या पर्नुका साथै महंगो पर्ने भएकाले मुसिकोट नगरपालिकाले भकारो सुधार कार्यक्रम मार्फत पशुवस्तुको स्वास्थ्यमा सुधार,गुणस्तरिय प्राङ्गारिक मल उत्पादन, स्वच्छ दुध उत्पादन,दिगो रुपमा माटोको उर्वराशक्ती कायम राख्न तथा वातावरणीय सरसफाईमा सकारात्मक परिवर्तन ल्याउने उदेश्यलेमुसिकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही **"भकारो सुधार ब्यबस्थापन तथा संचालन कार्यविधि २०७६"** तयार गरी जारीगरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

**१)संक्षिप्त नाम र प्रारम्भः**१) यस कार्यविधिको नाम **"भकारो सुधार कार्यक्रम ब्यबस्थापन तथा संचालन कार्यविधि, २०७६"** रहेको छ।

२) यो कार्यविधि मुसिकोट नगर कार्यपालिकावाट स्विकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

**२)परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क॰"कार्यविधि"भन्नाले नगरपालिकाको **"भकारो सुधार कार्यक्रम ब्यबस्थापन तथा संचालन कार्यविधि, २०७६"**लाई सम्झनु पर्दछ ।

ख॰ -नगरपालिका- भन्नाले मुसिकोट नगरपालिका लाई सम्झनु पर्दछ ।

ग॰ "वडा"भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

घ॰ "कृषि विकास समिति–भन्नाले मुसिकोट नगरपालिकामा कृषिविकास कार्यक्रम संचालन तथा ब्यबस्थापन कार्यविधि २०७६ वमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

च॰ **कार्यक्रम** भन्नाले मुसिकोट नगरपालिका ले भकारो सुधारको लागि विनियोजित कार्यक्रम र शशर्त को कार्यक्रम लाई सम्झिनु पर्ने छ |

छ) "कृषि विकास शाखा/पशु सेवा शाखा" भन्नाले मुसिकोट नगरपालिकाको कृषि विकास शाखा /पशु सेवा शाखालाई सम्झनुपर्छ।

ज)" कृषक समुह "भन्नाले मुसिकोट नगरपालिका कृषि विकास शाखा /पशु सेवा शाखामा दर्ता नविकरण भएका समुह सम्झनुपर्दछ ।

## ३)उदेश्य(Objectives)

- गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारिक उत्पादनलाई जोड दिने
- रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने।
- दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुर्याउने।
- पशुवस्तुको स्वास्थ्यमा सुधार ल्याउन ।
- गुणस्तरिय प्राङ्गारिक मल उत्पादन गर्न
- स्वच्छ दुध उत्पादन  गर्न ।
- दिगो रुपमा माटोको उर्वराशक्ती कायम राख्न ।
- वातावरणीय सरसफाईमा सकारात्मक परिवर्तन ल्याउने ।

## परिच्छेद -२

## कार्यक्रम संचालन प्रकृया

**४) कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृयाः** मुसिकोट नगरपालिकाको वार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए वमोजिम हुनेछ।भकारो सुधार कार्यक्रम मुसिकोट नगरपालिकाका सवै वडाहरुमा क्रमश संचालन हुनेछ।कृषकहरुलाई कार्यक्रमको  जानकारीका लागी १५ दिनको सुचना कृषि विकास शाखाले प्रकाशन गर्नेछ,सो सुचना सो सुचना मुसिकोट नगरपालिकाको सुचनापाटीwebsite तथा सवै वडाहरुमा समेत पठाइनुका साथै स्थानिय विद्युतीय संचार माध्यमवाट समेत  प्रशारण गरिनेछ ।

**५)कार्यक्रम संचालन गरिने संख्या निर्धारणः** मुसिकोट नगरपालिकाको वार्षिक कार्यक्रममा विनियोजित वजेट रकमको  आधारमाप्रति भकारो रु १००००(अक्षेरुपी दश हजार)का दरले जम्मा  अनुदान रकमलाई भाग गर्दा हुन आउने संख्या  नै कार्यक्रम संचालन  संख्या  निर्धारण गरिनेछ ।

**६)कार्यक्रम संचालनका लागी कृषक छनौटका आधार र संचालन प्रकृया देहाय वमोजिम हुनेछः**

क)कार्यक्रम संचालनका लागी कृषक/ कृषक समुह /सहकारीहरुको नगरस्तरिय कृषि विकास समितिले छनौट गर्नेछ।

ख) घरधुरी छनौट गर्दा पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम संचालन गरिनेछ।कृषकले कम्तिमा २ वटा पशु(भैसी वा गाई गोरु) पालेको हुनुपर्नेछ।

ग)छनौट भएका घरधुरीको जानकारी समितिले  सुचनापाटीमा  टाँस गर्नेछ।

घ) भकारो सुधार चाहने कृषकको संख्या लक्ष्य भन्दा वढी भएको खण्डमा दलित, जनजाती, अपाङ्गर न्यून  आयस्तर भएका कृषकहरुलाई प्राथमिकता दिई समितिले छनौट गरे वमोजिमका कृषकहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

**७)फोकल व्यक्ति (Focal person) तोक्नुपर्नेः**भकारो सुधार कार्यक्रम लाई प्रभावकारी बनाउन को लागि मुसिकोट नगरपालिकाले कृषि/पशुविकास शाखाले कम्तीमा एकजना कर्मचारीलाई Focal person को रुपमा तोक्नसक्नेछ ।

**८)भकारो सुधारको लागीन्युनतम मापदण्ड पुरा हुनुपर्नेः**भकारो सुधार कार्यक्रम संचालन गर्दा प्रति भकारोको लम्बाई ५मिटर चौडाई २.५ मिटर हुनुपर्नेछ(वस्ने ठाउको लागी) र  दाना पानी राख्ने डुडको चौडाई ५०से.मी.  लम्बाई आवश्यकता वमोजिम उचाई डुडको सतहदेखी ३०से मी(डूडको गहिराई १० से मी) वनाउनु पर्नेछ । गहुँत संकलन ट्यांकी गहुँत नचुहिने गरी पक्की गरिनुपर्ने गहुँत संकलन ट्यांकीको व्यवस्था हुनुपर्ने र ट्यांकीको साईज (०.५x०.५x०.७५) घनमिटरको हुनुपर्नेछ । भकारो अर्थात मलखाद फ्याक्ने खाडललाई घामपानीवाट जोगाउनका व्यवस्था गरिनु पर्ने कुराहरुलाई आधार मानिनेछ।र प्राविधिकले वनाएको लागत स्टमेट र अनुसुची.....मा उल्लेख भएको नक्सा बमोजिम निर्माण गर्नुपर्नेछ।

**९) अनुदान दिइने रकम व्यवस्थाः**कृषक छनौट नगरस्तरिय कृषि विकास समितिले गर्नेछ। सो समितिको सिफारिसमा छनौट भएका घरधुरीलाई

कृषि विकास शाखा,प्राविधिक फाटले मूल्यांकन गरी प्रति भकारोका लागी प्राविधिकले तयार गरेको लागत स्टमेटकार्य सम्पन्न प्रतिवेदन संलग्नराखी विल भरपाई पेश भएपछि प्रति भकारो रु . १००००(दश हजार) एकमुष्ट अनुदान रकम उपलब्ध गराउनेछ ।

१०)**अनुदान दिइने रकम प्रवाहको व्यवस्थाः**भकारो सुधार कार्य सम्पन्न भएर सम्वन्धित प्राविधिकले सोको गुणस्तर निरिक्षण अनुगमण गरीकेपछि सम्बन्धित कृषकलाई मात्र मुसिकोट नगरपालिकाले अनुदान उपलब्ध गराउनु पर्नेछ ।

११) **कार्यक्रमको अनुगमण व्यवस्थाः** कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागी मुसिकोट नगरपालिका कृषि विकास/पशुसेवा शाखाले अनुगमण गर्नेछ ।

१३)**बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा अस्पष्ट एवं द्धिविधा उत्पन्न भएमा सो को सामाधान मुसिकोट नगरपालिका नगर कार्यपालिकाले गर्नेछ।

# अनुसुची १

भकारो सुधार   कार्यक्रममा अनदान सहयोग प्राप्त गर्नको लागी दिइने आवेदन पत्र

श्रीमान कृषि विकास /पशुसेवा शाखा प्रमुख ज्यू,

मुसिकोट नगरपालिका, कृषि विकास/पशुसेवा शाखा।

विषयः भकारो सुधार कार्यक्रममा अनुदान उपलब्ध गराईदिने बारे ।

महोदय

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ........................कार्य गर्ने तिव्र इच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन गर्दछु ।मैले अनुदान सहयोग प्राप्त  गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगरपालिका भित्रै रहि कार्य गर्नेछु।पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१ अनुसुची १ अनुसारको  निवेदन

२अनुसुची २ अनुसारको संक्षिप्त कार्ययोजना

३ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४ समुहको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि  र निर्णयको प्रतिलिपि

निवेदक

नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नं.

## अनुसुची २

भकारो सुधार कार्यक्रमको लागि कृषकले वुझाउनु पर्ने फाराम

भकारो सुधार कार्यक्रम माग गर्ने कृषकको नामः

ठेगानाः टोल/गाँउ वडा नं. नगरपालिकाः

जिल्लाः

भकारो सुधार गरिने स्थानः गाँउ/टोल वडा नं.

नगरपालीकाः जिल्लाः

कृषक कहाँ भएको पशु सख्याः भैसी/ रागो गाई/गोरु

भकारोको क्षेत्रफलः लम्वाई चौडाई

कृषकको खेती विवरण

| क्र.स. | जम्मा जग्गाको क्षेत्रफल | खेत क्षेत्रफल | वारी क्षेत्रफल | पाखो क्षेत्रफल | खेती नगरिएको जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मुख्य वालीहरुः

कृषक समूह/सहकारी संस्थामा आवद्ध भएको भए नामः

ठेगानाः मोवाइल नं

भकारो सुधार गर्नुको कारणः

# अनुसूची ३

## भकारो सुधार कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

**भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा संचालन कार्यविधि, २०७६**

मुसिकोट नगरपालीकाद्धारा कृषि विकास शाखा मार्फत संचालन गरिने चालु आ.व. ................को स्वीकृतमाटोको उर्वरा सक्ति विकास कार्यक्रम ( भकारो सुधार कार्यक्रम) संचालन गर्न मुसिकोट नगरपालीका कृषि विकास/पशुसेवा शाखा (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) बिशिष्टताको आधारमामुसिकोट नगरपालिका कृषि विकास समितिको बैठकबाट छनौट भएका कृषक/कृषक समुहका अध्यक्ष श्री/सुश्री/श्रीमती .....................................(यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बिच तपसिल शर्तनामाहरु गरी गराई सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई भकारो सुधारका लागी कार्ययोजना अनुसार सम्वन्धित कृषककोकृषक समुहको खातामा कार्य सम्पन्न प्रतिवेदनका आधारमा अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा उपलव्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी कृषि विकास समितिले निर्णय गरे अनुसारको व्यक्तिगत तथा समुहमा समुहको निर्णय अनुसार निम्न संख्यामा ......... **वटा**भकारो सुधार गर्नेछ ।
३. पहिलो पक्षले भकारो सुधार साथै गाई भैसीको पिसाव संकलन गरे नगरेको अनुगमन गर्नेछन् र भकारो सुधारलाई माटोको उर्वरासक्ति विकासका लागी उपयोग गर्नुपर्नेछ ।
४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वंयम आफै हुनेछ ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।
६. सम्झौता गरेको मिति देखी काम सरु गर्न सकिने र ............ सम्ममा कार्यसम्पन्न गरिसक्नु पर्नेछ।
७. प्रति भकारोको लागी कार्यविधिमा पास भएवमोजिम एकमुष्ट अनुदान कार्य सम्पन्न भएको विल भरपाई निवेदन सम्बन्धित भकारोको पशुसहित

पशुधनीको फोटो र सम्पन्न अन्य कागजात पेश भएपछि मात्र भुक्तानी दिइनेछ।

८. भकारोको साइज र गुणस्तरकार्यविधिमा उल्लेख भएवमोजिम हुनुपर्नेछ।

**नोटः प्राविधिक स्टमेट र कार्य सम्पन्न प्रतिवेदन प्राविधिक फाटवाट अनिवार्य गराउने**

| पहिलो पक्ष | रोहवर | दोस्रो पक्ष |
|---|---|---|
| मुसिकोट नपा तर्फवाट सहि गर्ने | नामः | उद्यमी वा कृषकको तर्फवाट सहि गर्ने |
| नामः | पदः कृषि शाखा प्रमुख | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | दस्तखतः | पदः |
| दस्तखतः | मितिः | दस्तखतः |
| कार्यालयको छापः | | समुहको छापः |
| मितिः | | सम्पर्क नम्बर |
| | | मितिः |

आज्ञाले,

नरवीर खड्का

प्रमुख प्रशासकीय अधिकृत